## निर्णयहरु

नि.नं १) प्रस्ताव नं १ माथि छलफल गर्दा यस कार्यपालिकाको निर्णय अनुसार ५ वटा वडामा सार्वजनीक सुनुवाइ भएको बाँकी रहेको वडा नं १ र ५ मा शिघ्र संचालन गर्ने निर्णय गरीयो ।

नि.नं २ ) प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाँउपालिकाले संचालन गर्ने लघु उधम बिकास कार्यक्रम वडा नं १ , ४ , ५ , ६ मा संचालन गर्ने निर्णय गरीयो । ई.डी.एफको लागी एक जना सहयोगी राख्ने निर्णय गरीयो ।

नि.नं ३ ) प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत रहेका तोकिय बाहेक अन्य करार कर्मचारीको म्याद ६ महिना थप गर्ने निर्णय गरीयो । कृषि शाखामा लुम्बिनी प्रदेश सरकारको आर्थिक सहयोगमा कोभिड बिषेश कृषि कार्यक्रमको लागी पाँचौ तहमा कार्यरत कर्मचारीको म्याद थप नगर्ने निर्णय गरीयो ।

नि.नं ४ ) प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गा.पा अन्तरगत मो.बा मर्मत उपभोक्ता समिति मार्फत असोज मसान्त सम्ममा सम्पन्न गर्ने निर्णय गरीयो ।

नि.नं ५) प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत श्री भगवान भक्त अर्यालको सरुवा भई मिति २०७८।०५।२१ गते रमाना लिइ जानुभएकोले यस गाउँपालिकाको आर्थिक गतिबिधि ठप्प भएकोले बार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयन , बिपद् ब्यबस्थापन लगाएत प्रशासनिक कार्यसम्पादन गर्न कठिनाइ भएकोले अर्को ब्यबस्था नभए सम्मको लागी आर्थिक अधिकार सहितको निमित्त प्रमुख प्रशासकिय अधिकृत तोक्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष श्री अर्जुन खनाल ( क.स.नं. २३६७०४) लाई सिफारिस गर्ने निर्णय गरीयो । साथै हालसम्म निमित्त प्रमुख प्रमुख प्रशासकीय अधिकृत भइ यस कार्यालयमा गर्नुभएको सम्पूर्ण कार्यको अनुमोदन गर्ने र कार्य गर्न अख्तियारी दिने निर्णय गरीयो ।

नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नि.नं ६) प्रस्ताब नं ६ माथि छलफल गर्दा जनजाती तथा महिला कार्यक्रम देहाय अनुसार गर्ने निर्णय गरीयो ।

**महिला**

| क.स | कार्यक्रमको नाम | बजेट रकम रु |
|---|---|---|
| १ | जुत्ता बनाउने तालिम | ७,०५,००० |
| २ | नेतृत्व तथा क्षमता बिकास तालिम | १,५०,००० |
| ३ | अमिलो ( नर्सरी ) | ५,००,००० |
| ४ | महिला समुह परिचालन | ३,१५,००० |
| ५ | लैंगिक हिंसा बिरुद्ध १६ दिने अभियान | ८४००० |
| ६ | नारी दिवश | १०५००० |
| ७ | ब्यबस्थापन | ४६००० |

**जनजाति**

| क.स | कार्यक्रमको नाम | बजेट रकम रु |
|---|---|---|
| १ | आधारभुत कम्प्युटर तालिम | ४,४४,००० |
| २ | नेतृत्व बिकास तथा पत्रकारीता सम्बन्धी तालिम | १,४०,००० |
| ३ | ब्यबसाय संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १,४०,००० |
| ४ | आदिवाशी , जनजाती सम्मान कार्यक्रम | ६०,००० |
| ५ | ब्यबस्थापन | ४०००० |

नि.नं ७) प्रस्ताब नं ७ माथि छलफल गर्दा शिक्षा समिति बाट पेश भएको निर्णय तपशिल अनुसार अनुमोदन गर्ने निर्णय गरीयो । साथै शिक्षा समितीलाइ इ.सी.डी शिक्षकको तलब सम्बन्धी बिषयमा सुझाब पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

नि.प्रमुख प्रशासकिय अधिकृत

उपाध्यक्ष, निस्दी गाउँ पालिका, पाल्पा

Scanned with CamScanner